रंगेली नगरपालिका

# रंगेली अस्पताल

रंगेली मोरङ्ग

१ नं. प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्री खरिदको लागी बोलपत्र/दरभाउपत्र/आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०५/१६)

यस अस्पतालबाट सःशुल्क तथा निःशुल्क रूपमा विक्रि तथा वितरण गरिने औषधी तथा सर्जिकल सामाग्रीहरु E-Bidding माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाणपत्र (आ.व. २०७७/०७८ सम्म नविकरण गरिएको ) स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (०७६/०७७) लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले तपसिल बमोजिम बोलपत्रको हकमा ३१ औं दिन र दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२.०० बजे सम्म PPMO/EGP/NP मा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह २.०० बजे पछि खोलिने छ ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | ल.ई. रकम | धरौटी रकम | वोलपत्र/दरभाउपत्र फारम दस्तुर | कैफीयत |
|---|---|---|---|---|---|
| १. | अस्पतालबाट बिक्री तथा निःशुल्क वितरण गरिने औषधीहरू | ९९८६३७४.९० | २३००००.०० | ३०००.०० | फारम दर्ता गर्ने मिति सूचना प्रकाशन भएको मितिले 31 औं दिन (मिति २०७८/०६/१५) दिनको 12.00 बजे सम्म |
| २. | अस्पतालबाट बिक्री तथा निःशुल्क वितरण गरिने र अस्पतालमा प्रयोग हुने सर्जिकल सामाग्रीहरू | ४५२३४८१.९७ | १०००००.०० | १०००.०० | फारम दर्ता गर्ने मिति सूचना प्रकाशन भएको मितिले १६ औं दिन मिति (२०७८/०५/31) दिनको 12.00 बजे सम्म |

**शर्तहरू**

१. बोलपत्र/दरभाउपत्र खरि गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा विक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।

२. सार्वजिक खरिद ऐन, २०६३ र नियमाली २०६४ अनुसार रित नपुगेका र समयमा दर्ता नभएका प्रस्तावहरू उपर कुनै कार्यवाही गरिने छैन । वोलपत्र / दरभाउपत्रमा उल्लेख भएका औषधीको परिमाण कार्यालयको आवश्यक्ता अनुसार थपघट गर्न सकिनेछ ।

३. वोलपत्र दाताले फाराम दस्तुर वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास वैंकमा रहेको राजस्व खाता नं. ग (१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरेको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाताले धरौटी वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास वैंकमा रहेको धरटी खाता नं. ग (३.१) ०६०१४०११५०२५७०७९ मा जम्मा गरेको भौचरको वा वोलपत्र दर्ता गर्ने अंतिम दिन देखी १२० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्ता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. मु.अ.कर, छुट हुने र मु.अ.कर छुट नहुने औषधीको मुल्य सोही अनुसार भर्नुपर्नेछ।

६. वोलपत्र/दरभाउपत्र साथ विश्वसनिय कम्पनीका औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर भएको हुनु पर्नेछ ।

७. बोलपत्र/दरभाउपत्र पेश गर्दा कार्यालयले तोकेको समय भित्र बुझाउनु पर्ने छ ।

८. स्वीकृत बोलपत्र/ दरभाउपत्र अनुसारको औषधी तथा सामाग्रीहरू एकमुष्ट वा आवश्यक्ता अनुसार पटक पटक अडर दिई खरि गरिनेछ ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१०. थप अन्य जानकारीको लागी अस्पतालमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**